२०७५ श्रावण

# ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
# नवदुर्गा गाउंपालिका, डडेल्धुरा





## आर्थिक वर्ष २०७४/०७५ को

## वार्षिक

# प्रगति प्रतिवेदन


नवदुर्गा गाउंपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

नवदुर्गा, डडेल्धुरा

प्रदेश नं. ७, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना

**प्राविधिक सहयोग इकाई**

डडेल्धुरा

# विषय सूची


आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश....................2
१. पृष्ठभूमी....................5
२. लक्ष बमोजिम उपलब्धी....................6
 २.१. भौतिक प्रगति....................6
 २.२. क्षमता विकास....................6
 २.३. जीविकोपार्जन कार्यक्रम....................8
३. अनुगमन तथा प्रतिवेदन....................9
४. प्रगती समीक्षा तथा योजना तर्जुमा....................10
५. नीति तर्जुमा....................10
६. सहकार्य....................10
७. आइपरेका समस्याहरु....................11
अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण....................12
अनुसूची २ (क) : यस आ.व.मा संचालित तालिमहरुको विवरण....................13
अनुसूची २ (ख) : यस आ.व.मा संचालित जनचेतनामूलक कार्यक्रमहरुको विवरण....................14
अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु....................15
अनुसूची ४ : भिजिबिलिटी....................16
अनुसूची ५ : जनशक्ति विवरण....................17


## तालिका सूची


तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका २ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ३ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ४ : आयआर्जन सम्बन्धी विवरण
तालिका ५ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ६ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका ७ : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन
तालिका ८ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका ९ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका १० : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु




GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | नवदुर्गा गाउँपालिका |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७४ देखी ३२ आषाढ २०७५<br>(16th July 2017 to 16th July 2018) |

### क. आर्थिक प्रगती सारांश

| | | | | | |
|---|---|---|---|---|---|
| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा)<br>(दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| | पूँजीगत | ८,७९२.२३६ | ८,५१२.५५४ | ८,५१२.५५४ | ९७% |
| | कार्यक्रम/चालु: | २,८५३.००० | २,८५३.००० | २,५१४.१५५ | ८८% |
| | **जम्मा** | **११,६४५.२३६** | **११,३६५.५५४** | **११,०२६.७०९** | **९५%** |
| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था**<br>(रु हजारमा) | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| | स्थानीय तह | ९४१.२३६ | ६६१.५५४ | ६६१.५५४ | ७०% |
| | नेपाल सरकार | ४,२९३.००० | ४,२९३.००० | ४,२९३.००० | १००% |
| | दातृ निकाय (GoF/EU) | ६,४११.००० | ६,४११.००० | ६,०७२.१५५ | ९५% |
| | **जम्मा** | **११,६४५.२३६** | **११,३६५.५५४** | **११,०२६.७०९** | **९५%** |

### ख. भौतिक प्रगती सारांश

| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** |
|---|---|
| नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता | • गत आ.व. देखि कार्यान्वयनमा रहदै आएका ३ वटा खा. पा. तथा स. स. योजना सम्पन्न भई ३४६ घरधुरीका १,९९१ जनसंख्या शुद्ध खानेपानीबाट लाभान्वित भएका छन् ।<br>• यसै आ.व. मा कार्यान्वयनका लागि सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका दावलि खा.पा. तथा स.स.योजना र सपल्ला खा.पा. तथा स.स.योजनाहरुको कार्य करीव ५० प्रतिशत पुगेको छ र आगामी आ.व. मा यि योजनाहरुबाट २८१ घरधुरीका १९१५ जनसंख्या खानेपानी सेवाबाट लाभान्वित हुनेछन् भने मटेला ढिणेखोला सिंचाई योजनाको कार्य २० प्रतिशत सम्पन्न भएको छ ।<br>• ३ वटा सम्पन्न भएका तथा ३ वटा निर्माणधीन अवस्थामा रहेका ६ वटा योजनामा हालसम्म रु. ६,४५,९०० मर्मत संभार कोषमा रहेको छ जुन रकम योजना दिगोपनको लागि महत्वपूर्ण आधार हो । साथै योजनाको दिगोपनलाई मध्यनजर गरेर |

| | |
|---|---|
| | प्रत्येक योजनाहरुले महिनामा रु. ५० प्रति घरधुरी प्रति महिना पानी शुल्क वापत रकम जम्मा गर्ने र सो को रेकर्ड अद्यावधिक गर्दै गइरहेका छन् ।<br>● सम्पन्न भएका तथा निर्माणाधीन अवस्थामा रहेका ६ योजनाहरुमा योजनाको सेवालाई सूचारु गर्नको लागि आवश्यक प्राविधिक सहयोग पुर्‍याउनको लागि ७ जना मर्मत संभार कार्यकर्ता नियमित रुपमा परिचालन भएका छन् ।<br>● यस गाउँपालिकामा हालसम्म सम्पन्न भएका ३ वटा योजनाहरु मध्ये ३ वटै योजनाहरुले पानी सुरक्षा योजना तथा मर्मत संभार कार्यविधि लागू गर्दै आएका छन् ।<br>● योजनाको दिगोपनको लागि यस गाउँपालिकामा गाउँपालिकास्तरीय सबै सरोकार राख्ने निकायहरु बीच ३ दिने योजना दिगोपन कार्यशाला गोष्ठी संचालन गरी कार्यान्वयनका लागि प्रतिवद्धता जाहेर गरेका छन् । |
| नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन | ● यस आ.व. मा ५ वटा समूहका १२३ घरधुरीका ६७९ जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी व्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।<br>● यस गाउँपालिकामा यस आ.व.मा ५ जनाले अगुवा कृषक तालिम पाई समूहमा घरवारी व्यवस्थापनको लागि सहजिकरण गर्दै आइरहेका छन् ।<br>● यस गाउँपालिकामा यस आ.व.मा २३ घरधुरीका ११५ जनसंख्या व्यवसायिक तरकारी खेती र ५ जनाले प्लाष्टिक घरमा बेमौसमी तरकारी खेती शुरु गर्दै आएका छन् ।<br>● यस गाउँपालिकामा यस आ.व.मा १ जनाले स्थानीय श्रोत व्यक्ति विकास तालिम प्राप्त गरी घरवारी व्यवस्थापन, व्यवसायिक तरकारी खेती जस्ता प्रविधिकमा कृषकहरुलाई आवश्यकता अनुसार सहयोग गर्दै अइरहेका छन् ।<br>● यस गाउँपालिकामा यस आ.व.मा १२३ जना कृषकहरुले Low Cost Technolgy सम्बन्धि कृषि प्रविधिको ज्ञान हासिल गरी आफ्नो घरवारीमा उपयोग गर्दै आइरहेका छन् । |
| नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण | ● यस गाउँपालिकामा यस आ.व.मा जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप जोखिम न्यूनिकरणको लागि खासै उपलब्धी हासिल हुन सकेन् तर योजनाको स्रोत संरक्षण गर्ने कार्य योजना सम्पन्न गर्ने बेलामा गरिएको छ । |

| | |
|---|---|
| नतिजा ४ : क्षमता विकास | • योजनाको दिगोपनको लागि यस गाउँपालिकामा गाउँपालिकास्तरीय सबै सरोकार राख्ने निकायहरु बीच ३ दिने योजना दिगोपन कार्यशाला गोष्ठी संचालन गरी कार्यान्वयनका लागि प्रतिवद्धता जाहेर गरेका छन्<br>• गाउँपालिका ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना व्यवस्थापन समितिको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई परियोजनाका कियाकलापहरुमा लागू गर्न र परियोजनालाई प्रभावकारी बनाउन भूमिका निर्वाह गरेको छ ।<br>• निर्माण सम्पन्न योजनाहरुको दिगोपन तथा मर्मत संभारको लागि यस वर्ष यस गाउँपालिकामा निर्माण सम्पन्न भएका र निर्माणधीन अवस्थामा रहेका ६ वटा योजनाहरुमा ७ जना ग्रामीण मर्मत संभार कार्यकर्ता विकास गरी परिचालन भएका छन् ।<br>• महिनावारी भएको बेला सरसफाई क्षेत्रमा चेतना अभिबृद्धि, पोषण सम्बन्धी ज्ञान अभिबृद्धि, पानी शुद्धिकरण जस्ता विषयमा जानकार भई व्यवहारमा लागु गरेका छन् ।<br>• ५ वटा घरवारी व्यवस्थापन समुहमा सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी जानकारी प्राप्त गरी सो घरवारी व्यवस्थापन समूहका ब्यक्तिहरु सचेत भएका छन् । |

# आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वकनिरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (RVWRMP)राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ। जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४/०४/३२ मा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो। सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७४/०७५ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलब्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विश्लेषण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

आर्थिक वर्ष २०७४/०७५ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये सत प्रतिशत निकासा भै ९५ प्रतिशत खर्च भएको छ। जसमध्ये नेपाल सरकार तर्फको पूरै रकम खर्च भएको छ भने दातृ निकाय तर्फको रु. ३,३८,८४५ अर्को वर्षमा सरी गएको छ। स्थानीय तहको विनियोजित मध्ये रु. २,७९,६८२ खर्च नभई आगामी वर्षमा सरी गएको छ। यस स्थानीय तहमा बजेटको तुलनामा ९५% आर्थिक प्रगति हासिल भएको छ।

तर्जुमा गरिएका ६ वटा भौतिक निर्माण तर्फका योजना मध्ये ३ वटा योजना सम्पन्न भएको छ भने ३ वटा निर्माणाधिन योजनाहरु आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन्।

यस प्रतिवेदनमा नवदुर्गा गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा पनि गरिएको छ।

# २. लक्ष बमोजिम उपलब्धी

## २.१. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- गत आ.व. देखि कार्यान्वयन चरणमा रहदै आएका प्रस्ताव गरिएका ३ वटा खानेपानी योजनाहरु (नवदुर्गा बेलापुर, गंगानौला र भालुमूल) सम्पन्न भई ३४६ घरधुरीका १,९९१ जनसंख्या शुद्ध खानेपानीबाट लाभान्वित भएका छन् ।
- यस आ.व. देखि कार्यान्वयन चरणको सम्झौता भई कार्यान्वयन चरणमा रहेका प्रस्ताव गरिएका २ वटा खानेपानी योजनाहरु (दाउली र नवदुर्गा सपल्ला) को भौतिक निर्माण कार्य औषतमा ५० प्रतिशत सम्पन्न भएको र आर्थिक खर्च ४५ प्रतिशत रही आ.व. २०७५/०७६ मा सम्पन्न हुने लक्ष्य लिइएको छ जस्ले सम्पन्न पश्चात २८१ घरधुरीका १,९१५ जनसंख्यालाई  शुद्ध खानेपानीबाट लाभान्वित गराउने छ ।
- यस आ.व. देखि कार्यान्वयन चरणको सम्झौता भई कार्यान्वयन चरणमा रहेको प्रस्ताव गरिएको मटेला ढिंडेखोला परम्परागत सिंचाई योजनाको भौतिक निर्माण कार्य शुरुवात भएको र आ.व. २०७५/०७६ मा सम्पन्न हुने लक्ष्य लिइएको छ जस्ले सम्पन्न पश्चात  ८३ घरधुरीको १५३ रोपनी क्षेत्रफलमा सिंचाई सुविधा उपलब्ध हुनेछ ।
- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका ५ वटा घरवारी व्यवस्थापन समूह मध्ये ५ समूहका १२३ कृषकहरुलाई तालिम दिई १२३ घरधुरीका ६७९ जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी व्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।

***तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी***

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ३ | १,९९१ | ३ | १,९९१ | १००% | १००% |
| २ | घरबारी व्यवस्थापन | ५ समूह | ६७९ | ५ समूह | ६७९ | १००% | १००% |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १ मा दिइएको छ ।

## २.२. क्षमता विकास

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

- यस आ.व.मा यस गाउँपालिकामा जम्मा लक्षित ३ वटा योजनामा चरणबद्ध कार्यतालिका अनुसारका कियाकलापहरु मध्ये ३ वटा योजनाहरुमा चरवद्ध कार्यतालिका बमोजिमका सबै तालिमहरु सम्पन्न भई उपभोक्ता समितिको क्षमता विकास भएको छ ।

- योजना गरिएको योजना दीगोपन सम्बन्धि गाउँपालिकास्तरीय विभिन्न सरोकारवाला निकायहरुको ३ दिने गाँउपालिका स्तरीय कार्यशाला गोष्ठी गाउँपालिका प्रतिनिधि, सम्पन्न खानेपानी योजनाका उपभोक्ता समिति प्रतिनिधि, सहकारी प्रतिनिधि, परियोजनाका प्रतिनिधि तथा अन्य सरेकारवाला निकायका प्रतिनिधिहरु बीच बृहत छलफल गरी निर्माण योजनाहरुको दिगो व्यवस्थापनका लागि खेल्नु पर्ने आ-आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्ने सम्बन्धि गाउँपालिकाको ९ बुँदे र उपभोक्ता समितिको १६ बुँदे संयुक्त प्रतिवद्धता सहित सम्पन्न भएको छ ।
- गाउँपालिका ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना व्यवस्थापन समितिको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई परियोजनाका कियाकलापहरुमा लागू गर्न र परियोजनालाई प्रभावकारी बनाउन गाउँपालिकाको क्षमता अभिबृद्धिमा भूमिका निर्वाह गरेको छ ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका १० जना अगुवा कृषकहरु मध्ये ५ समूहबाट ५ जना अगुवा कृषकहरुलाई अगुवा कृषक तालिम संचालन गरी सम्बन्धित घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् ।
- निर्माण सम्पन्न योजनाहरुको दिगोपन तथा मर्मत संभारको लागि यस वर्ष यस गाउँपालिकामा निर्माण सम्पन्न भएका र निर्माणधीन अवस्थामा रहेका ६ वटा योजनाहरुमा ७ जना ग्रामीण मर्मत संभार कार्यकर्ताहरुलाई १२ दिनको प्राविधिक तालिम दिई सिप विकास गरी परिचालन भएका छन् ।

***तालिका २ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश***

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | ९६ | २५ | ० | ० | १४३ | १९५ | २३९ | २२० |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ६६ | ० | ० | ० | ७८ | २ | १४४ | २ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ० | ० | ० | १ | ३ | १ | ३ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | १२ | ११ | ० | ० | १८ | ६३ | ३० | ७४ |
| **जम्मा** | **१७४** | **३६** | **०** | **०** | **२४०** | **२६३** | **४१४** | **२९९** |



GOVERNMENT OF NEPAL EUROPEAN UNION

क्षमता विकास तालिमको साथ साथै यस गाउँपालिकामा विभिन्न लक्षित बर्गको लागि विभिन्न जनचेतना जगाउने खालका जस्तै: अन्तराष्ट्रिय नारी दिवस, विश्व पानी दिवस, महिनावारी स्वच्छता दिवस, राष्ट्रिय सरसफाइ सप्ताह, विभिन्न स्कुलहरुमा स्वस्थ्य तथा सरसफाइ सम्बन्धि कक्षा संचालन, विभिन्न समुदाय तथा समूहमा पोषण थाली प्रदर्शन, बैठकहरु, आदि जस्ता क्रियाकलापहरु सञ्चालन भएका छन् । यसरी यि क्रियाकलापहरुमा समुदायको उल्लेख्य सहभागिता रहेको थियो । यस गाउँपालिकामा विभिन्न मिति र कार्यक्रमहरुमा कुल ३,४११ जनाको सहभागिता रहेको थियो जसमा ७६ प्रतिशत महिला तथा ३९ प्रतिशत दलित समुदायको सहभागिता रहेको थियो ।

तालिम तथा विभिन्न कार्यक्रमको विस्तृत विवरण अनुसूची २ (क) र (ख) मा दिइएको छ ।

## २.३. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका ५ वटा घरवारी व्यवस्थापन समूह मध्ये ५ समूहका १२३ कृषकहरुलाई तालिम दिई १२३ घरधुरीका ६७९ जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी व्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका १० अगुवा कृषकहरु मध्ये ५ समूहबाट ५ अगुवा कृषकहरुलाई अगुवा कृषक तालिम संचालन गरी सम्बन्धित घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन्
- घरबारी व्यवस्थापन तालीम पश्चात समुदायमा खेर गएको पानीको सदुपयोग भएको छ, थोरै जमीनको पनि सदुपयोग भएको छ, पोषणमा सुधार, केही सानो तिनो नगद आयर्आजनका साथै आय आर्जन गर्न व्यवसायिक तरकारी खेती बारे ज्ञान प्राप्त भएको र पैसाको बचत भएको देखिन्छ ।

*तालिका ३ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| ३ | ३६ | ० | १७१ | २०७ | ६६ | ० | ५७ | १२३ | १०२ | ० | २२८ | ३३० |
| **जम्मा** | **३६** | **०** | **१७१** | **२०७** | **६६** | **०** | **५७** | **१२३** | **१०२** | **०** | **२२८** | **३३०** |

*तालिका ४ : आयआर्जन सम्बन्धी विवरण*

| क्र.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी खेती | ० | ० | २३ | २३ |
| २ | बहुउद्देश्यीय नर्सरी व्यवस्थापन | ० | ० | २ | २ |
| **जम्मा** | | **०** | **०** | **२५** | **२५** |

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि गाउँपालिकाको अनुगमन संयन्त्रलाई परियोजनाको कार्यविधि अनुसार आवश्यकता अनुसार अनुगमन गर्न अधिकार दिने र सोहि अनुसार आवश्यकता अनुसार अनुगमन गर्ने गरिएको छ ।

*तालिका ५ : योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क.सं. | योजनाको नाम | यस आ.व.मा चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १ | नवदुर्गा बेलापुर खानेपानी योजना | १ | १ | १ |
| २ | गंगानौला खानेपानी योजना | १ | १ | १ |
| ३ | भालुमुल खानेपानी योजना | १ | १ | १ |
| ४ | मटेला ढिणखोला सिचाई योजना | २ | १ | १ |
| ५ | दावली खानेपानी योजना | २ | २ | २ |
| ६ | सपल्ला खानेपानी योजना | २ | २ | २ |
| | **जम्मा** | **९** | **८** | **८** |

*तालिका ६ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १२ | ० |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | २ | १ |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | **जम्मा** | **१६** | **१५** | **१** |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका ७ : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन*

| क.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७४/०७/३० | • चलु र पूँजिगतको भौचर नं. फरक फरक राख्नु पर्ने<br>• फिल्ड संयोजकको सहयोगमा नेपाल सरकारको निकासाको लागि पहल गर्नु पर्ने | • हस्ताक्षर भैसकेको<br>• प्रतिवेदन संलग्न भैसकेको |
| २ | २०७५/०२/०९ | • कुनै पनि सुझाव नभएको | |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ। ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको आर्थिक वर्षमा भएको आम्दानी र खर्च भएको रकमको विवरण गाउँपालिकाको सूचना पाटीमा मिति २०७५/०४/१५ गते टाँस गरिएको र वेवसाइटमा राख्ने पहल भैरहेको छ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ।

*तालिका ८ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७४/०५/२८ | परियोजना कार्यान्वयनको सिलसिलामा आ.व २०७४/०७५ को बार्षिक कार्ययोजना अनुमोदन गर्ने निर्णय भएको। |
| २ | २०७४/०९/११ | द्वैमासिक समिक्षा सम्बन्धमा र रिक्त हुन गएको जलस्रोत प्राविधिक पद पुर्ति गर्न प्रकृया अगाडी बढाउने र निर्माणाधिन योजनाको दोस्रो किस्ता निकासा गर्ने सम्बन्धि निर्णय भएको। |
| ३ | २०७४/१०/११ | जलस्रोत प्राविधिक पद करारमा पूर्ति गर्ने प्रकृया, संक्षिप्त सुचिको अंक तालिका, लिखित तथा अन्तरवार्ताको अंकभार स्वीकृत गर्ने, योजनाको म्याद थप गर्ने र योजनाको पहिलो अनुगमन गर्ने सम्बन्धि निर्णय भएको। |
| ४ | २०७४/११/०२ | रिक्त हुन गएको जलस्रोत प्राबिधिक छनौट गर्ने निर्णय भएको। |
| ५ | २०७४/१२/२९ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत यस आर्थिक वर्षमा सञ्चालित पूँजिगत तर्फका योजनाहरुको संसोधन, आगामी आर्थिक वर्षमा सञ्चालन हुने कार्यक्रम तथा बजेट निर्माणधीन योजनाको म्याद थप गर्ने र योजनाको तेस्रो अनुगमन गर्ने निर्णय भएको। |
| ६ | २०७५/०३/२२ | प्रगति समिक्षा र आगामि आ.व. को जनशक्ती व्यवस्थापन गर्ने सम्बन्धि निर्णय भएको। |

## ५. नीति तर्जुमा

यस गाउँपालिकामा योजनाको दीगोपन सम्बन्धि ३ दिने कार्यशाला गोष्ठी गरी योजना दिगो बनाउनको लागि गाउँपालिकाले ९ बुँदे र उपभेक्ता समितिले १६ बुँदे प्रतिवद्धता जाहेर गरी लागू गर्ने नीति बाहेक अन्य त्यस्तो खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा कुनै पनि नितिहरु तर्जुमा गरेको छैन्।

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलव्ध भएको छ।

*तालिका ९ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य*

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. |
|---|---|---|---|---|
| १ | कृषि शाखा | व्यबसायिक तरकारी खेति तालिम | नगद | १७,५०० |
| २ | कृषि शाखा | घरवारी व्यस्थापन तालिम | नगद | २१,८०५ |
| ३ | रेडियो युनिटी ९२.२ मेगाहर्ज, डडेल्धुरा | कार्यक्रम समृद्धि र सम्मान प्रसारणमा सहकार्य | नगद | १७,२५० |


GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## ७. आइपरेका समस्याहरु

यस आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा खासै मुख्य समस्याहरु आई परेनन् तर सामान्य निम्न बमोजिमका समस्याहरु आइपरेका थिए, जसको समाधान गर्न निम्न उपायहरु अवलम्बन गरिएको थियो र बानी ब्यहोरा परिवर्तनमा अझै समय लाग्ने देखिन्छ ।

***तालिका १० : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु***

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | गोठेमल व्यवस्थापन | स्थान अभावका कारण र परम्परागत घर निर्माणको अवस्थाले गर्दा आशा गरे अनुसार परिवर्तन गर्न नसकिए पनि गोठ सुधार र गोठेमल व्यवस्थापनको लागि समूहहरुमा विशेष छलफल गरिएको । |
| २. | महिनावारी भएको बेला धारा र चर्पीको प्रयोग | समुदायमा छलफल गरी महिनावारी भएको बेला धारा र चर्पीको प्रयोग गर्नमा जोड दिइएको र विभिन्न जनचेतना जगाउने कार्यहरु गरेको । |

**मा संचालित योजनाहरुको विवरण**

| वडा नं. | योजनाको अनुमानित लागत (रु) | यस योजनामा हालसम्म भएको खर्च ( रु) | यस आ.व.मा भएको खर्च (रु) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने आयोजनाको संख्या | आगामी आ.व.मा हुने खर्चको लक्ष | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| **ोजना** | | | | | | | |
| ३ | ८१७३४२९ | ७३१२५६७ | ३३३५५४६ | ५४४८९५ | सम्पन्न | | १,३१४ |
| ३ | १२८२७८४ | ११५११३२ | ५०९७४० | १००५४६ | सम्पन्न | | २०६ |
| ३ | ३०२२६६२ | २७१३८५० | १६०४३३२ | २६२८४० | सम्पन्न | | ४८१ |
| ३ | ७६४९४७१ | २०००००० | २०००००० | ० | निर्माणाधीन | ५०२२५६१ | |
| ३ | १७४६१२४ | ९६२९३६ | ९६२९३६ | ० | निर्माणाधीन | ९६२९३६ | |
| | | | | | | | |
| ३ | ८००००० | १००००० | १००००० | १००००० | निर्माणाधीन | ८००००० | |

*वेस, सम्पर्क जिल्लाको* **TSU**)

## अनुसूची २ (क) : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि (दिन) | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | उपभोक्ता समितिलाई अभिमुकिरण गोष्ठी | ३ | १ | ३ | ९ | २ | ० | ० | ११ | १८ |
| २ | सरसफाई तथा लैगिंक समानता तथा समाजिक समावेशीकरण गोष्ठी | ३ | १ | ३ | ९ | २ | ० | ० | ११ | १८ |
| ३ | घरबारि व्यवस्थापन तथा आयआर्जन गोाष्ठी | ३ | १ | ३ | ९ | २ | ० | ० | ११ | १८ |
| ४ | मर्मत सम्भार तथा पानी सुरक्षा योजना गोष्ठी | ३ | १ | ३ | ९ | २ | ० | ० | ११ | १८ |
| ५ | लेखा व्यबस्थापन तालिम | ३ | १ | ३ | ९ | २ | ० | ० | ११ | १८ |
| ६ | सामुदायीक कार्य योजना निर्माण | ३ | १ | ३ | ९ | २ | ० | ० | ११ | १८ |
| ७ | निर्माण पश्चातको गोष्ठी | ३ | १ | ३ | १० | २ | ० | ० | १२ | १८ |
| ८ | निर्माण पुर्वको गोष्ठी | ३ | १ | २ | ५ | २ | ० | ० | १३ | १२ |
| ९ | निर्माण अबधिको गोष्ठी | ३ | १ | २ | ५ | २ | ० | ० | १३ | १२ |
| १० | लेखा व्यबस्थापन पुनर्ताजगि तालिम | ३ | १ | २ | ५ | २ | ० | ० | १३ | १२ |
| ११ | सार्वजनिक जनलेखा पिक्षण तयारि गोष्ठी | ३ | १ | २ | ५ | २ | ० | ० | १३ | १२ |
| १२ | पानी सुरक्षा योजना तालिम | ३ | ३ | ३ | १२ | ३ | ० | ० | १३ | २१ |
| १३ | उपभोक्ता समिति व्यवस्थापन तालिम | ३ | १ | १ | ३ | ६ | ० | ० | ७ | १० |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरवारी व्यवस्थापन तालिम | ३ | ३ | ५ | ६६ | ० | ० | ० | ५७ | ० |
| २ | व्यवसायिक तरकारी खेती तालिम | ३ | ३ | १ | ० | ० | ० | ० | २१ | २ |
| **स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | स्थानीय स्रोत व्यक्ति परिचालन तालिम | ३ | ५ | १ | ० | ० | ० | ० | १ | ३ |
| २ | ग्रामीण मर्मत सम्भार कार्यकर्ता तालिम | ३ | १४ | २ | ० | ० | ० | ० | ० | ३ |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| | | | | | | | | | | |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| | | | | | | | | | | |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | गा.पा. स्तरीय योजना दिगोपन गोष्ठी | ३ | ३ | ३ | ७ | २ | ० | ० | ५ | ३५ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | गा.पा. परियोजना व्यवस्थापन समितिका पदाधिकारीको अध्ययन अवलोकन भ्रमण (संयुक्त) | | ११ | १ | २ | ३ | ० | ० | ६ | १८ |

## अनुसूची २ (ख) : यस आ.व.मा संचालित जनचेतनामूलक कार्यक्रमहरुको विवरण

| क.सं. | सञ्चालित कार्यक्रमको नाम | वडा नं. | अवधि (दिन) | संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महिनावारी स्वच्छता दिवश | ३ | १ | १ | १५ | ३ | ० | ० | ६९ | ९ |
| २ | राष्ट्रिय सरसफाई सप्ताह | ३ | १ | १ | ३ | २ | ० | ० | ८५ | ४० |
| ३ | विश्व पानी दिवश | ३ | १ | १ | ५८ | ५ | ० | ० | ८७ | ११ |
| ४ | अन्तराष्टिय नारी दिवस | ३ | १ | १ | १०४ | १८ | ० | ० | २४३ | २६ |
| ५ | सरसफाइ सम्बन्धी जनचेतना | ३ | १ | १३ | ३० | २४ | ० | ० | ४६ | ४३ |
| ६ | समुदायस्तरमा पुर्ण सरसफाइ तथा छाउपडी सम्बन्धि छलफल | ३ | १ | ७ | २५८ | ६८ | ० | ० | ४१९ | २२६ |
| ७ | समुदाय तथा समूहस्तरमा पोषण थाली प्रदर्शन तथा छलफल | ३ | १ | १४ | २५२ | ३९ | ० | ० | २५४ | ४९ |
| ८ | बिद्यालयस्तरमा सरसफाइ स्वच्छता सम्बन्धि कक्षा सञ्चालन | ३ | १ | ११ | ३०५ | १४१ | ० | ० | ३५६ | १२३ |
| | **जम्मा** | | | **४९** | **१०२५** | **३००** | **०** | **०** | **१५५९** | **५२७** |

## अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

### फेरियो गाउँको मुहार

डडेल्धुरा जिल्लाबाट पुर्व २० किलोमिटर (डोटी मार्ग) दूरिमा अबस्थित नवदुर्गा, ग्रामीण जलश्रोत व्यबस्थापन परियोजना संचालन भएको एक गाउँपालिका हो । परियोजना अन्तर्गत यस गाउँपालिकाको वार्ड नं ३ मा खानेपानी तथा सरसफाइ, सिंचाई, घरबारी व्यबस्थापन तथा आयआर्जनका कृयाकलापहरु संचालनमा रहेका छन ।

यस गाउँपालिका अन्तर्गत झतडा टोल खानेपानी तथा सरसफाइको दृष्टिकोणबाट पछाडि परेको गाउं थियो । जहां ३७ घरधुरिका १९६ जनसंख्या बसोबास गर्दछन । केही बर्ष पहिलासम्म पनि यस गाउंमा अव्यबस्थित पानी प्रयोग, जतातत‍ै फोहोरमैला देखिन्थ्यो । करिब १ बर्ष पहिला यस गाउंमा गंगानौला खानेपानी तथा सरसफाइ योजना लागु भई सँपुर्ण घरपरिबार समेटिए पछि र समय समयमा चेतनामुलक कार्यक्रम तथा कृयाकलापहरु लागु भए पछि अहिले यस गाउँमा सबैको घरमा तरकारी खेती गर्ने, फोहोर जम्मा गर्ने खाडल, भाँडा सुकाउने चाँङ, भाँडा धुने जुठ्यान, खेर गएको पानी व्यवस्थापन गर्ने लहर नै चल्यो । अहिले सबै घरमा शुद्ध खानेपानीको पहुंच पुगी घर टोल सफासुग्घर भएको छ । "पहिला हामी लसुन प्याज मात्र लगाउंथ्यौं भने अहिले सिजन अनुसार र बेमौसमी बिभिन्न प्रकारका तरकारीहरु जस्तै : तीतेकरेला, लौका, कांक्रो, सिमला, काउली, फर्सी, टमाटर लगाएर आफूले प्रयोग गरी बढि भएको तरकारी नजिकैको स्थानिय बजारमा बिक्री गरी आम्दानीको श्रोत पनि बढाएका छौं" भन्छिन अगुवा कृषक जमुना देबी ऐर ।

"खानेपानीमा सहज पहुंच भए पछि अहिले यस गाउँमा ब्यबस्थित चर्पीको प्रयोग, हात धुने ठाउँमा साबुनपानीको ब्यबस्था जस्ता महत्वपूर्ण कुराहरुले यस गाउँलाई झन सुन्दर बनाएको छ, गाउँको मुहार नै फेरिएको छ ।" भन्नु हुन्छ यसै गाउँका उपभोक्ता राम बहादुर ऐर ।

## अनुसूची ४ : भिजिबिलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | २०७४/१०/२३ | १. २ वटा खानेपानी योजनाहरुको बजार सामाग्री खरीदका लागि कोटेशन आह्वान गरिएको । |
| २ | रेडियो | यूनिटी एफ.एम. रेडियोसँगको सम्झौता अनुसार विभिन्न मितिमा | १. उपभोक्ता समितिसँग योजनाको बारेमा छलफल गरिएको इपिसोड प्रसारणका लागि ।<br>२. घरबारी समुहका सदस्यहरुलाई आयआर्जन सम्बन्धि अन्तर्वार्ता कार्यक्रम सञ्चालन गरिएको इपिसोड प्रसारणका लागि ।<br>३. सन्देशमूलक बिभिन्न जिंगलहरु नियमित रुपमा प्रसारण गरिएको ।<br>४. गंगानौला खा. पा. तथा स. स. यो. को फिन्ल्यान्ड सरकारको संसदीय टोली र राजदुतावासको सल्लाहकार टोली लगायत युरोपियन यूनियन टोलीद्धारा गरिएको योजनाको अनुगमनको बिस्तृत बिवरण रेडियो युनिटी एफ.एम.को ओइवसाईटमा राखिएको र प्रसारण गरिएको । |
| ३ | टेलिभिजन | २०७४/११/१३ | १. गंगानौला खानेपानी योजनाको फिनल्याण्डका महामहिम राजदुतद्वारा योजनाको उद्घाटन र योजनाको बिस्तृत बिवरण सगरमाथा टेलिभिजनद्वारा प्रसारण गरिएको । |
| ४ | सामाजिक सञ्जाल | २०७५/०१/०४ | १. गंगानौला खा. पा. तथा स. स. यो. को फिन्ल्यान्ड सरकारको संसदीय टोली र राजदुतावासको सल्लाहकार टोली लगायत युरोपियन यूनियन टोलीद्धारा गरिएको योजनाको अनुगमन तथा विभिन्न अनुगमनका दृष्यहरु facebook बाट share गरिएको । |
| ५ | प्रदर्शनी | विभिन्न मितिमा | १. स्थानीय स्तरमा पोषण प्रवर्द्धनका लागि पोषण सम्बन्धि थाली प्रदर्शनहरु विभिन्न समूह तथा समूदायमा गरिएको ।<br>२. स्थानीय विद्यालयहरुमा सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको लागि विभिन्न पोष्टरहरु र विधिहरु प्रदर्शन गरिएको । |
| ६ | श्रव्य दृष्य सामाग्रीहरु | | |
| ७ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | | १. विभिन्न जनचेतना जगाउने, जानकारी दिने खालका वाल पेन्टीङ्ग, होर्डिङ्ग बोर्ड लगायतका सामाग्रीहरु विभिन्न स्थानहरुमा राखिएको ।<br>२.योजना सम्पन्न हुँदा योजनाको बारेमा जानकारीमूलक तथा संरचनाहरुमा सन्देशमूलक जानकारीहरु राखिएको । |

### रेडियो प्रसारण लिंकहरु:

१. अनलाइन खबर पत्रिकामा मिति २०७५ बैशाख ५ गते प्रकासित समाचार (धारा जडान भएपछि बदलियो झतडा गाउँ): https://www.onlinekhabar.com/2018/04/673183

२. रेडियो यूनिटीबाट प्रसारण भएको (नारी दिवससँग सम्बन्धित): http://www.radiounity.com.np/archives/35238

३. रेडियो यूनिटीबाट प्रसारण भएको (गंगानौला खा.पा.यो. उद्घाटन सम्बन्धि): http://www.radiounity.com.np/archives/34930

उपरोक्त भिजिबिलीटी सम्बन्धी सामाग्रीहरुको प्रति संलग्न गरिएको छ ।

## अनुसूची ५ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजनाबाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क्र.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| १ | सिन्धु बोहरा | नवदुर्गा गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | फिल्ड संयोजक | १२ |
| २ | ललिता हमाल | नवदुर्गा गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | सरसफाइ तथा स्वच्छता प्रवर्द्धक | १२ |
| ३ | सुरेस बिष्ट | नवदुर्गा गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जलस्रोत प्राबिधिक | ५ |
| ४ | अनिल भण्डारी | नवदुर्गा गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | सव इन्जिनियर | ३ |
| ५ | रोहिना बोहरा | नवदुर्गा गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जिबिकोपार्जन प्रबर्द्धक | ३ |

गाउँपालिका तथा माथि उल्लेखित सहयोगी ब्यक्तिहरुलाई परियोजनाको उद्धेश्य पूरा गर्नको लागि आवश्यकता अनुसार सहयोग गर्न, योजना तथा कियाकलापहरुको अनुगमन गर्न, तालिम लगायतका विषयहरुमा सहयोग गर्न प्राविधिक सहयोग इकाई र परियोजना सहयोग इकाईबाट पनि पटक पटक कर्मचारीहरु आवश्यकता अनुसार परिचालन भएका थिए ।